# मैवाखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## साँघु, ताप्लेजुङ

**स्थापना: २०७३**

आ.व.-२०८०/८१ (१ नं. प्रदेश नेपाल)

(कार्यपालिका बैठक) मितिः २०८०/०९/०१

---

**बैठक सुरू समयः विहान ८ बजे** **बैठक संख्याः ६**

**बैठकको अध्यक्षताः विजय प्रकाश वनेम**

**उपस्थितिः**

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री विजय प्रकाश वनेम | अध्यक्ष | |
| २ | श्री कमल कुमारी लिम्बु | उपाध्यक्ष | |
| ३ | श्री चन्द्र कुमार तामाङ | १ नं. वडाध्यक्ष | |
| ४ | श्री नरेन्द्र लिम्बु | २ नं. वडाध्यक्ष | |
| ५ | श्री खगेन्द्र थक्लुङ | ३ नं. वडाध्यक्ष | |
| ६ | श्री फुर्वा शेर्पा | ४ नं. वडाध्यक्ष | |
| ७ | श्री केशर लिम्बु | ५ नं. वडाध्यक्ष | |
| ८ | श्री राजुमान लिम्बु | ६ नं. वडाध्यक्ष | |
| ९ | श्री रिता शेर्पा | सदस्य | |
| १० | श्री पासाङ ग्याबु शेर्पा | सदस्य | |
| ११ | श्री बिनु लिम्बु | सदस्य | |
| १२ | श्री तुलसा बराईली | सदस्य | |
| १३ | श्री सुनिता फागो | सदस्य | |
| १४ | श्री नर कुमारी लिम्बु | सदस्य | |
| १५ | श्री लक्ष्मीमाया गोम्देन | सदस्य सचिव | |

मैवाखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

साँघु,ताप्लेजुङ

स्था:२०७३

पत्र संख्या:-०८०/८१

चलानी नं:-

(१ नं. प्रदेश, नेपाल)

मितिः २०८०।०९।०१

---

मैवाखोला गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८०/०९/०१ गते बसेको छैटौँ बैठकको प्रस्ताव तथा निर्णयहरूः

प्रस्तावहरूः

- भू उपयोग नीति पास गर्ने सम्बन्धमा,
- आर्थिक सर्वेक्षणको सम्बन्धमा,
- अध्यक्ष रोजगार कार्यक्रम सञ्चालन कार्यविधि २०८० उपर छलफल,
- सहुलियत कर्जा अनुदानको सम्बन्धमा,
- पशुपालन कार्यक्रम अनुदान सम्बन्धी कार्यविधि,२०८०,
- दीर्घ रोगीहरूको बजेट सम्बन्धमा,
- स्वास्थ्य संस्थाहरूको सामाजिक परीक्षण सम्बन्धमा
- आगलागी पीडितका लागि सहयोग सम्बन्धमा,
- अनुगमन समितिको प्रतिवेदन उपर छलफल सम्बन्धमा,
- गङ्गा आ.वि लाई सहयोग गर्ने सम्बन्धमा,
- पुषे मेलाका लागि सहयोग गर्ने सम्बन्धमा,
- बसन्तपुर, गुफा, दोभान सडक खण्ड कालो पत्रेको लागि माग गर्ने सम्बन्धमा,
- रैथाने सङ्गीत समूह झम्सीखेल, ललितपुर, नेपाललाई आर्थिक सहयोग गर्ने सम्बन्धमा
- विवध विषय सम्बन्धमा ।

| सि.नं. | निर्णय विवरणहरू | कैफियत |
|---|---|---|
| १ | आजको यस बैठकमा मैवाखोला गाउँपालिकाको निर्माणाधीन भू -उपयोग नीति निर्माण कार्य सम्पन्न भइसकेकोले उक्त नीति सर्व-सम्मतले पास भएको निर्णय गरियो। | |
| २ | मैवाखोला गाउँपालिकाको आर्थिक सर्वेक्षण गर्नका निमित्त विज्ञहरू सँग छलफल गरियो साथै पालिकाको फोकल पर्सन यसै कार्यालयमा कार्यरत कर्मचारी श्री देवी प्रसाद चापागाईँ र वडाको फोकल पर्सन वडा सचिवहरूलाई तोक्ने सर्व-सम्मतले निर्णय गरियो। | |
| ३ | अध्यक्ष रोजगार कार्यक्रम सञ्चालन कार्यविधि २०८० उपर छलफल गरी सर्वसम्मतले पारित गरियो। | |
| ४ | सहुलियत कर्जाका लागि ब्याज अनुदान कार्यक्रम कार्यविधि २०८० को मस्यौदा उपर आजको बैठकमा घनीभूत रूपमा छलफल गरियो साथै सहुलियत कर्जाका लागि ब्याज अनुदान कार्यक्रमको लागि कोष खडा गर्ने र यस कोष सञ्चालनका लागि कार्यविधि निर्माण गर्ने सर्व-सम्मतले निर्णय गरियो। साथै सहजीरणका लागि प्रशासन शाखामा कार्यरत प्रशासन शाखा प्रमुख देवी प्रसाद चापागाईँलाई तोक्ने सर्व-सम्मतले निर्णय गरियो। | |
| ५ | पशुपालन कार्यक्रम अनुदान सम्बन्धी कार्यविधि,२०८० को मस्यौदा उपर घनीभूत रूपमा छलफल गरी परिमार्जन सहित सर्वसम्मतले पारित गरियो। | |
| ६ | अध्यक्ष रोजगार कार्यक्रम सञ्चालनका लागि रु ६०००००० रुपैँया प्रत्येक वडामा दामासाहीले विनियोजन गर्ने र वडाहरूले सो रकम बराबरको | |

| | | |
|---|---|---|
| | कार्यक्रम बनाई स्वीकृतिका लागि कार्यपालिकाको बैठकमा पेश गर्न निर्देशन गर्ने सर्व सम्मतले निर्णय गरियो । | |
| ७ | दीर्घ रोगीहरूलाई उपलब्ध गराउनु पर्ने मासिक रु ५०००\- रकम हाल विविध शीर्षकबाट खर्च गरी संघीय सरकारबाट प्राप्त भए पश्चात् शोध भर्ना गर्ने सर्व सम्मतले निर्णय गरियो । | |
| ८ | स्वास्थ्य क्षेत्रको सामाजिक परीक्षण विज्ञहरू मार्फत गर्ने साथै उक्त कार्यका लागि रु ३००,०००\- मसलनन्द खर्च शीर्षकबाट रकम विनियोजन गर्ने सर्व सम्मत निर्णय गरियो । | |
| ९ | मैवाखोला गाउँपालिका वडा नं. २ डाँडा टोलमा स्थायी बसोबास गर्ने केसर सिंह लिम्बू र चतुर बहादुर वनेमको जोडिएर रहेको घर मिति २०८०\०७\१८ गते आगलागी भई पूर्ण रुपमा क्षति भएको भनी श्री अस्थायी प्रहरी चौकी ढुङ्गेसाँघुको प्रहरी मुचुल्का र वडा नं. २ को सिफारिस सहित राहत सहयोग माग गरेको हुँदा आजको बैठकले रु ५०,०००००\- रकम सहयोग गर्ने सर्व सम्मतले निर्णय गरियो । | |
| १० | मैवाखोला गाउँपालिकाबाट सञ्चालित विभिन्न योजनाहरूको कामको प्रगति तथा गुणस्तरको विषयमा अनुगमन समितिले पेश गरेको स्थलगत अनुगमन प्रतिवेदन उपर छलफल गरियो । | |
| ११ | श्री गङ्गा आ.वि. ताम्राङले एच पी एफसँग साझेदारी गरी शौचालय निर्माण गर्ने क्रममा रकम अपुग भई इस्टिमेट सहित सहयोग माग गरेको हुनाले उक्त विद्यालयलाई रु १५०,०००\ दिने सर्व सम्मतले निर्णय गरियो साथै यस निर्णयलाई आगामी गाउँ सभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो । | |
| १२ | पुषेमेला स्वर्ण महोत्सव व्यवस्थापन समिति तथा दोभान स्पोर्टिङ क्लब दोभान ताप्लेजुङद्वारा आफ्नो परियोजना प्रस्तावना सहित सहयोग माग | |

| | | |
|---|---|---|
| | गरेको हुनाले उक्त मेलालाई रु १०००००\(एक लाख मात्र ) सहयोग प्रदान गर्ने निर्णय गरियो र साथै यस निर्णयलाई आगामी गाउँ सभामा अनुमोदनका लागि पेश गर्ने सर्व सम्मतले निर्णय गरियो । | |
| १३ | पर्यटन प्रर्वद्धनको हिसावले पूर्वको सगरमाथा क्षेत्रपछिको दोश्रो प्रचुर संभावना बोकेको एकमात्र पर्यटकीय गन्तव्य गुराँसको राजधानी भनेर चिनिने "तिनजुरे मिल्के जलजले (TMJ) क्षेत्र" को राम्रो र व्यवस्थित प्रचार हुन नसक्नु र यस क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकहरु भित्र्याउन नसक्नुमा सडक लगायत अन्य भौतिक पूर्वाधारहरुको विकास नहुनु नै हो । कोशी राजमार्ग अन्तर्गत धरान-धनकुटा-बसन्तपुर सम्मको सडक खण्ड कालोपत्रे भएपनि बसन्तपुर (जहाँबाट TMJ क्षेत्र प्रारम्भ हुन्छ) देखि गुफा-साँघु-ढुङ्गेसाँघु-दोभान सम्मको सडक खण्ड हालसम्म कालोपत्रे नभएका कारण पर्यटक तथा यात्रुहरुले अत्यन्तै शास्ती पाइरहेको अवस्था छ । तेह्रथुमको बसन्तपुरदेखि संखुवासभा र ताप्लेजुङको गुफापोखरी हुँदै ताप्लेजुङको मिल्के-साँघु-ढुङ्गेसाँघु-दोभानसम्म करिब ६५ किलोमिटर सडक खण्डमा कालोपत्रे गर्न सके पर्यटकहरुलाई सुनसरीको धरान-धनकुटा-बसन्तपुर-तिनजुरे-गुफापोखरी-मिल्के हुँदै ताप्लेजुङको दोभानबाट तमोर कोरिडोर मार्फत पाँचथर र धनकुटा हुँदै धरान पुग्ने गरी चक्रपथको रुपमा भ्रमण गराई यस क्षेत्रको पर्यटन प्रर्वद्धन गर्न सकिने प्रचुर संभावना भएकाले "बसन्तपुर-गुफा-साँघु -ढुङ्गेसाघु-दोभान सडक खण्ड" मा बहुवर्षिय ठेक्का मार्फत कालोपत्रे गर्न र उक्त बसन्तपुर गुफा, साँघु, ढुङ्गेसाँघु दोभान सडक आयोजनाको कार्यान्वयनको सम्पूर्ण जिम्मेवारी ताप्लेजुङ स्थित तमोर कोरिडिर ( सुभाङ खोला, दोभान, ओलाङ्चुङ गोला सडक) योजना लाई दिने गरी भौतिक पूर्वाधार मन्त्रालय, राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालय समक्ष माग गर्ने सर्व सम्मतले निर्णय गरियो । | |
| १४ | फक्ताङलुङ मुन्धुम अध्ययन तथा अभिलेखीकरण २०८० को परियोजना प्रस्ताव सहित रैथाने सङ्गीत समूह झम्सीखेल, ललितपुर, नेपालद्वारा आर्थिक सहयोग माग भई आएकाले उक्त समूहलाई रैथाने कला, साहित्य र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन शीर्षकबाट रु १०००००\- र छपाई तथा पकाशन शीर्षकबाट २०००००\- गरी जम्मा | |

| | | |
|---|---|---|
| | ३ लाख रुपैँया रकम सहयोग गर्ने सर्वसम्मतले निर्णय गरियो साथै यस निर्णयलाई आगामी गाउँसभामा अनुमोदनका लागि पेश गर्ने सर्वसम्मतले निर्णय गरियो । | |
| १५ | मैवाखोला गाउँपालिका भित्र केन्द्रीय विद्युत प्रशारण लाईन विस्तार भए सँगै यस गाउँपालिकाका वडाहरूमा सञ्चलित विभिन्न लघु जल विद्युत आयोजनाहरू हाल जीर्ण रहेको र उपभोक्ता समितिहरू समेत निस्क्रिय भई आयोजनाहरू अव्यवस्थित भईरहेको बेला उक्त आयोजनाहरूको टर्बाईन पोल तार लगायतका सामग्रीहरू अनधिकरत रूपमा बिक्री वितरण भइरहेको जानकारी प्राप्त भएकाले उक्त आयोजना अव्यवस्थित भएको अवस्थामा त्यसका सम्पूर्ण चल अचल सम्पत्तिहरू नेपाल सरकारको नाममा जाने कानुनी व्यवस्था भएकाले सो आयोजनाहरूको उपभोक्ता समितिहरूलाई सो कार्य नगर्न तत्काल उक्त कार्यमा रोक लगाउन परिपत्र जारी गर्ने सर्व सम्मतले निर्णय गरियो । | |
| १६ | च.नं.३१८, मिति २०८०\०८\२६ गतेको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत प्राप्त पत्रानुसार अख्तियार दुरुपयोग अनुसन्धान सुझाव कार्यान्वियन उपर छलफल गरी उक्त सुझाव कार्यान्वियन गर्ने सर्व-सम्मतले निर्णय गरियो । | |
| १७ | खेलकुद प्रशिक्षक परिचालन कार्यविधि २०८० घनीभूत रूपमा अध्ययन गरी सर्व-सम्मतले पास गर्ने निर्णय गरियो । | |
| १८ | राज्यको पुनर्संरचना आयोगले निर्धारण गरे अनुसार साबिकको फाकुम्बा गा.वि.स. वडा नं. १,२,३,४ अहिलेको वडा नं. ५ कायम भएको र साबिकको वडा नं. ५,६,७, ८ र ९ हालको वडा नं. ६ कायम भई तयार भएको स्रोत नक्सामा वडा नं. ५ स्थित साबिकको फाकुम्बा गाविस वडा नं. ४ को आधा भूभाग हालको वडा नं. ६ मा पर्न गएको कारण उक्त विषयले वडा नं. ५ र ६ मा विवाद सिर्जना भएकाले उक्त स्रोत नक्सा संशोधनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो । | |
| १९ | मैवाखोला गाउँपालिका अध्यक्ष श्री विजय प्रकाश वनेम कार्यालयको विभिन्न योजना माग तथा कार्यालयको कामको लागि काठमाडौँ जानका लागि १० गते देखि लागु हुने गरी १५ दिनको भ्रमण आदेश दिने निर्णय गरियो र सो अवधिको लागि कार्यबाहक | |

| | | |
|---|---|---|
| | जिम्मेवारी यसै गा.पा.का उपाध्यक्ष श्री कमल कु. लिम्बूलाई दिने सर्व सम्मतले निर्णय गरियो । | |
| २० | वडा नं. ३ मा बहुउद्धेश्य कबर्ड हल निर्माण गर्नका लागि मैवाखोला गा.पा. वडा नं. ३ साबिकको (साँघु गाविस वडा नं. ६) बस्ने खगेन्द्र थत्लुङको कित्ता नं. ५१९ को ५-८-१-२ क्षेत्रफलबाट ४-४-२-२ क्षेत्रफल बराबरको जग्गा र मैवाखोला गा.पा. वडा नं. ३ साबिकको (साबिक वडा नं. ६) बस्ने बुद्धमोती लिम्बू कि.नं. ५१८ को ३-७-२ क्षेत्रफलबाट ०-१०-१-३$^{१/३}$ क्षेत्रफल बराबरको जग्गा यस गाउँपालिकालाई निःशुल्क दिने भनी निजहरूले पेश गर्नु भएको मिति २०८०\०८\०७ गतेको मञ्जुरीनामा अनुसार सो जग्गा मैवाखोला गाउँपालिकामा बहुउद्धेशीय कबर्ड हल निर्माण गर्ने प्रयोजनका लागि निःशुल्क ग्रहण गर्ने निर्णय गरियो । | |